म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १८८ शुक्रबार ४ फागुन २०८० ने. सं. ११४४ सिल्लाथ्व 16 February 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## विद्युतीय सवारीका लागि चार्जिङ स्टेशन

हेटौंडा, ३ फागुन/पछिल्लो समय विद्युतीय सवारी सञ्चालन बढेसँगै हेटौंडामा चार्जिङ स्टेशन सञ्चालनमा ल्याइएको छ । बिहीवार निजी क्षेत्रको लगानीमा हेटौंडा उपमहानगरपालिका-९, कर्रामा दुर्गामाता चार्जिङ स्टेशनको उपमहानगरपालिका-९ का वडाध्यक्ष सुकराम केसीले उद्घाटन गरिएको हो । कर्रास्थित दुर्गामाता चार्जिङ स्टेशनमा युवा व्यवसायी उपेन्द्र सापकोटा, विप्लप पौडेल र सन्तलाल मिजारले संयुक्तरुपमा लगानी गरेका छन् । यो स्टेशनमा हाल ५ वटा विद्युतीय चार्जिङ उपकरण राखिएका छन् र एकैपटकमा ५ वटा सवारी साधन चार्ज गर्न सकिन्छ । करिब एक करोड रुपैयाँको लागतमा स्थापित स्टेशनमा विद्युतीय सवारी चार्ज गर्ने उपकरण राखिएका छन् । स्टेशन सञ्चालकहरुले भने, यसले पेट्रोलियमपदार्थको आयात कम गर्न सहयोग पुग्नेछ । साथै वास र खानाको लागि पनि व्यवस्था गरिएको सञ्चालकले बताएका छन् ।

# बागमती सरकारमाथि 'राजनीतिक बेइमानी'को आरोप

साझाकुरा संवाददाता

हेटौंडा, ३ फागुन/ बागमती प्रदेश सरकारमाथि राजनीतिक बेइमानीको आरोप लागेको छ । योजना समावेशको लिखित सहमति कार्यान्वयनमा आलटाल गरेपछि बागमतीको प्रमुख प्रतिपक्षी दल नेकपा एमाले र विपक्षी दल राप्रपाले सरकारले बेइमानी गरेको आरोप लगाएको हो ।

सरकारसँग चालू आर्थिक वर्ष २०८०/८१ को बजेटमा छुटेका योजनाहरु समावेश गर्ने र बजेटलाई समावेशी बनाउने सम्बन्धमा प्रतिपक्षी दल एमाले र राप्रपाले लिखित सहमति गरेका थिए । १८ असार २०८० मा बागमतीका मुख्यमन्त्री शालिकराम जम्कट्टेल र आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिं लामाले एमाले संसदीय दलका नेता जगन्नाथ थपलिया र राप्रपा संसदीय दलका नेता उद्धव थापासँग लिखित सहमति गरेका थिए ।

गत १ असारमा प्रदेश सरकारले ६२ अर्ब ७० करोड रुपैयाँको बजेट ल्याएपछि एमाले र राप्रपाले पूर्वाग्रही भएको आरोप लगाउँदै प्रदेशसभा निरन्तर अवरोध गरेको थियो । अवरोधले बजेट पास गराउन सरकारलाई सकस भएपछि १८ असारमा एमाले र राप्रपाका सांसदले छनोट गरेका केही योजनामा बजेट विनियोजन गर्ने सहमति भएको थियो । त्यसपछि २१ असारमा बजेटमाथि छलफल सकेर पारित गरिएको थियो । चालू आवको आधा भन्दा बढी समय कटिसक्दा पनि सरकारले सहमति कार्यान्वयन नगरेको भन्दै प्रतिपक्ष दल एमाले र राप्रपा प्रतिवादमा उत्रिने रणनीतिमा छन् ।

एमालेले गत बिहीवार हेटौंडामा पत्रकार सम्मेलन गर्दै सरकारलाई संसदीय मर्यादा र कानुन पालना गर्दै कडा प्रतिवादमा उत्रिने चेतावनी दिएको थियो । एमाले र राप्रपा दुवैले सरकारले राजनीतिक बेइमानी गरेको भन्दै झुक्काएको परिणाम राम्रो नहुने चेतावनी दिएको छ । 'बजेट पास गराउन हामीलाई झुक्काइयो । नागरिकमा प्रत्यक्ष



प्रभाव पर्ने छुटेका योजना समावेश गर्ने र समावेशी बजेट बनाउने भनेर लिखित सहमति गरिएको थियो । त्यो कार्यान्वयन हुने अवस्था अब देखिएन । सरकारले राजनीति बेइमानी गरेको छ । यसको परिणाम राम्रो हुँदैन ।', एमाले नेता थपलियाले भने ।

'एकपटकको लागि त सरकारले छल्यो । अझै चारवटा बजेट ल्याउन बाँकी छ । नयाँ बजेट आउनै लागिसक्यो । अब के गर्छ सरकारले ?', थपलियाले भने । वैधानिक ढंगले सरकारको कठालो समात्ने उनको भनाई छ । नेता थपलियाले प्रतिपक्ष बजेटमा मात्रै घुमेर नबस्ने भएकाले नागरिकका मुद्दा उठाउन नपाएको विषयमा संसद खोल्न आग्रह गर्दा पनि सरकार भाग्दै आएको आरोप लगाए । एमाले सांसद तथा पूर्वमन्त्री एकालाल श्रेष्ठले सरकार पक्षसँग बिहीवार छलफल भएको र सहमति कार्यान्वयन गर्ने मौखिक रुपमा बताएको उल्लेख गरे ।

राप्रपा नेता थापाले जम्कट्टेल नेतृत्वको सरकारले गरेको राजनीतिक बेइमानी इतिहासमै नभएको बताए । 'यत्तिको बेइमानी सरकार इतिहासमै भएको थाहा छैन् । लिखित सहमति गरेर, मन्त्रि परिषद्बाटै योजना समेट्ने निर्णय गराएर पनि अनेकौं बहानामा भाग्दै हिँड्नु बेइमानी हो ।', थापाले रोष प्रकट गरे । सरकारले प्रतिपक्षलाई जनप्रतिनिधि नै नरहेको व्यवहार देखाएकोमा चिन्ता व्यक्त गरे । 'हामी पनि जनताको मत पाएर आएको हौँ । उहाँहरु मात्रै जनप्रतिनिधि हो ? शक्तिमा रमाइलो गरिरहने हो ? बजेट ल्याउँदै बेइमानी गरेको उनीहरुले ? बेइमानीको पनि सीमा हुन्छ ।', थापाले भने ।

एमाले र राप्रपाले सहमति कार्यान्वयनमा अनेकौं विकल्प देखाउँदा पनि सरकार बहानाबाजीमा लागेको आरोप लगाएका छन् । सरकारले सांसदको योजना बजेटमा समावेश गर्न नसकिने बताउँदै आएको र एमाले तथा राप्रपाले भने समावेश गर्नैपर्ने अडान लिएकाले प्रदेशसभा चार महिनादेखि अवरुद्ध छ । एमाले र राप्रपाले सदनमै सरकारसँग 'मुकाबिला' गर्ने रणनीति अनुरुप संवैधानिक व्यवस्थाअनुसार २५ प्रतिशत सांसदले बैठक बोलाउन सक्ने व्यवस्थामा टेकेर प्रदेश प्रमुखलाई निवेदन गर्ने योजनामा र हेको एमाले मुख्य सचेतक मधुसुदन पौडेलले बताए ।

सरकारलाई प्रदेशसभाबा बजेट संशोधन र १० प्रतिशतसम्म बजेट रकमान्तर गर्न सकिने बारे दुई विकल्प दिएको पौडेलले बताए । दुवै विकल्पमा सरकारले बहानाबाजी गरेको उनले आरोप लगाए । एमालेले ४० करोड र राप्रपाका २२ करोडका योजना बजेटमा समावेश गर्ने सहमति भएको जनाइएको छ । अधिकांश योजनाहरु सडक, पुलजस्ता भौतिक पूर्वाधारसँग सम्बन्धित रहेको जनाइएको छ । सरकारले एमाले र राप्रपासँग तीन पटकसम्म योजना माग गरेको नेताहरुले जानकारी दिएका छन् ।

प्रतिपक्षलाई गलाउन सरकारले 'तीन तीर'को निशाना बनाएको प्रतिपक्ष र सरकारपक्षकै जवाफले देखाएको छ । प्रतिपक्षसँगको सहमति कार्यान्वयनमा सरकारले अख्तियारको पत्र, सर्वोच्च अदालतको आदेश र कर्मचारीलाई अवरोधको रुपमा देखाएको छ । सरकारको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्र बागमती प्रदेशका मुख्य सचेतक रत्नप्रसाद ढकालले सहमति कार्यान्वयन गर्ने सम्भावना कम रहेको बताए ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बजेट र कमान्तरसम्बन्धी सुझाव र सर्वोच्च अदालतबाट 'सांसद विकास कोष' कार्यान्वयन नगर्न गरेको अन्तरिक आदेशका कारण प्रतिपक्षको सहमति पालना गर्न 'खुट्टा बाँधिएको' अवस्थामा सरकार पुगेको ढकालले बताए । उनले आर्थिक ऐनअनुसार १० प्रतिशतसम्म रकमान्तर गर्न सकिने भएता पनि कर्मचारीले नमानेको जानकारी दिए । 'कर्मचारी नै तयार छैनन् ।', उनले भने ।

'अख्तियार र अदालतको आदेशले खुट्टा बाँधिहाल्यो । १० प्रतिशत रकमान्तर गर्न सकिने विकल्प खुल्ला थियो, कर्मचारीले मान्दै नमानेपछि सकिएन ।', उनले भने । प्रतिपक्षको बजेट संशोधनको विकल्पमा सरकार जान नसक्ने उनको भनाई छ । विशेष अवस्थामा मात्रै बजेट संशोधन गर्न सकिने व्यवस्था भएकाले सरकार त्यता जान नचाहेको उनले प्रष्ट पारे । 'पूरक बजेट सरकार परिवर्तन र संकटको अवस्थामा मात्रै हुन्छ । हामी दुवै अवस्थामा छैनौं । त्यसको सम्भावना छैन ।', उनले भने । सचेतक ढकालले प्रतिपक्ष दलसँग बेइमानी गर्न नखोजेको र गर्न पनि नहुने बताए ।

# रिमालले जिते एकेडेमी गायन उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, ३ फागुन/ हेटौंडा एकेडेमी गायन प्रतियोगिताको उपाधि पृथक रिमालले जित्न सफल भएका छन् । हेटौंडा-११, स्थित हेटौंडा एकेडेमी आवासीय विद्यालयको रजतजयन्तीको अवसरमा बिहीवार भएको गायन प्रतियोगिताको उपाधि रिमालले चुमेका हुन् ।



फाइनल राउण्डमा १० जना प्रतिस्पर्धीलाई पछि पार्दै रिमालले उपाधि चुमेका हुन् । प्रतियोगितामा रोशना विष्ट दोस्रो र कृतज्ञ सापकोटा तेस्रो हुन सफल भए । प्रतियोगितामा विजयी भएका विद्यार्थीलाई शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अरुणराज सुमार्गीको अध्यक्षतामा भएको कार्यक्रममा नेपालका राष्ट्रिय गायक आनन्द कार्कीको प्रमुख आतिथ्यता रहेको थियो ।

हेटौंडाका गायक कृष्णगोपाल सिंहले निर्णायकको भूमिका निर्वाह गरेका थिए । हेटौंडा एकेडेमी विद्यालयमै अध्ययनरत विद्यार्थीको गायन प्रतिभा उजागर गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरेको सुमार्गीले बताए । कार्यक्रममा कक्षा ४ देखि १० सम्म अध्ययनरत विद्यार्थीले सहभागीता जनाएका थिए । पठन संस्कृतिको विकास गर्ने उद्देश्यले बुधबारबाट विद्यालयको प्राङ्गणमा विभिन्न किसिमका पुस्तकहरु प्रदर्शनीमा राखिएको छ ।

प्रदर्शनीमा विद्यार्थीले पुस्तक पढ्नुका साथै आफूलाई मनपर्ने पुस्तकहरु पनि खरिद गरेका थिए । विद्यालयका संरक्षक अजेयराज सुमार्गी, व्यवस्थापन सदस्य अंकिता सुमार्गीलगायतको आतिथ्यता रहेको थियो । विद्यालयको सप्ताहव्यापी कार्यक्रमअन्तर्गत फागुन ४ गते हेटौंडा एकेडेमी डान्सिङ आइडल कार्यक्रम हुनेछ । नेपालको चर्चित मोडेल तथा नृत्यांगना रुबिना अधिकारीको प्रमुख आतिथ्यतामा कार्यक्रम हुने विद्यालयले जनाएको छ ।

## आगलागी पीडितको उपचारमा सहयोगको याचना



साझाकुरा संवाददाता

हेटौंडा, ३ फागुन/ मनहरी-४ मसिने निबासी आगलागी पीडित अनिता गैतमको उपचारका लागि सहयोगको याचना गरिएको छ । आगलागीमा घाइते भएकी गौतमको काठमाडौं, कीर्तिपुरस्थित अस्पतालमा उपचार भइरहेको छ ।

मनहरी गाउँपालिका पूर्वउपाध्यक्ष मनिला बिष्टले घाइते गौतमलाई अस्पताल पुऱ्याएर उपचार गराइरहेकी छन् । मनहरी गाउँपालिका, चैनपुर जेसीजलगायतले गरेको आर्थिक सहयोगले कीर्तिपुर हस्पिटलमा भर्ना गरिएको बिष्टले बताइन् । पूर्वउपाध्यक्ष बिष्टले उपचारमा सहयोग गरी मानबीय सेवागर्न आग्रह गरेकी छन् । 'यहाँहरुको सहयोगले अनिता गौतमको अमूल्यजीवन बचाउन सकिन्छ कि भन्ने आशा लिएको छु ।', पूर्वउपाध्यक्ष बिष्टले भनिन् । घाइते गौतमको शुक्रबार शल्यक्रिया हुने चिकित्सकहरुले बताएका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वायरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

अन्तरराष्ट्रिय सम्मेलन:
नवप्रवर्तन र उद्यमशीलताको प्रवर्धनको लागि क्षमता विकास
मिति: फागुन ५ र ६ | स्थान: एभोकाडो एण्ड अर्किड रिसोर्ट, हेटौंडा
INTERNATIONAL CONFERENCE ON CAPACITY DEVELOPMENT
for fostering innovation and entrepreneurship
#Innopreneurship #ICCD
#TogetherWeCan
KEYNOTE SPEAKERS
PROF. DR. DEV RAJ ADHIKARI, Chairman, University Grants Commission
MR. IGNOUS KARTHAUS, PUM Senior Expert
INTERNATIONAL SPEAKERS
DR. SASKIA J.M. HARKEMA, Founder, Impact Leaders International
MR. HENK TER STEGE, PUM Senior Expert
MR. ROB VAN STAR, PUM Senior Expert
DR. NARESH SACHDEV, Director, PCTE, Ludhiana
NATIONAL SPEAKERS
PROF. PUSHKAR BAJRACHARYA, PHD, Senior Management Educator
PROF. PREM RAJ PANT, PHD, Senior Management Educator
PURAN B JOSHI, Principal, HSMSS
NAROTTAM ARYAL, President, King's College
LEKHRAJ POKHREL, President, Conf. of Bagmati Prov. Industries
NIRAJ KHANAL, Entrepreneurship Ecosystem Enabler
SWAGAT RAJ PYAKUREL, Director, MM Polymers
RAJIV SHARMA, MD, Jobs Dynamics
BIBHUSHAN BISTA, Executive President, Young Innovations
PAVITRA GAUTAM, Co-founder/CEO, Karkhana
Organized by: Co-organized by: In partnership with:
KING'S COLLEGE PUM NYEF International Labour Organization STARTUP NATION 2030

साझाकुरा

## हाम्रो कुरा

# सुमार्गीको क्रिकेट मैदान

नेपालको वार्षिक बजेटको धेरै हिस्सा चालुखर्चमै जाने गरेको छ । पूँजीगत खर्च पनि सडक, भवन, सिंचाई, विद्युतीकरण जस्ता क्षेत्रमा गइरहेको छ । खेलक्षेत्रले पर्याप्त बजेट पाउनै सकेको छैन । वार्षिक बिनियोजन हुने बजेटको एक प्रतिशत मात्रै खेलकूदमा लगानी गर्ने हो भने नेपाली खेलाडिले धेरै राम्रा पूर्वाधार पाउने छन् र उपलब्धी पनि हुने थियो । एउटा उपयुक्त मैदान नहुँदा मकवानपुरको क्रिकेट स्कूल र जिल्लास्तरका प्रतियोगितासम्म मात्रै सीमित भइरहेको छ । हेटौंडा-४, स्थित लोकतान्त्रिक चौर (हुप्र)लाई हालसम्म क्रिकेट मैदानको रुपमा प्रयोग गरिँदै आएको छ । यहाँ साइकल, मोटरसाइकलदेखि चार पाङ्ग्रेसम्मका सवारीसाधन दैनिक कुदाइने गरेकाले क्रिकेट मैदानको नाममा गरिएको लगानी 'बलुवामा पानी' सरह बनेको छ । क्रिकेटसँगै हुप्रचौर संरक्षणको आवाज उठाएर थाकिसकेको क्रिकेट संघ मकवानपुर भने बल्ल नयाँ क्रिकेट मैदान पाएर तनावमुक्त बनेको छ ।

एउटा मैदानको अभावमा मकवानपुरमा प्रदेश र राष्ट्रियस्तरको प्रतियोगिता गराउन सकिएको छैन । खुला चौरलाई नै मैदान बनाएर स्कूल र जिल्लास्तरको प्रतियोगिता गराइदै आएका छ । हेटौंडामा हुने हरेकजसो कार्यक्रममा यो समस्या उजागर गरिन्छ । अब एउटा उपयुक्त क्रिकेट मैदान तयार भएको छ । राष्ट्रिय प्रतियोगिता गर्न सक्ने बाटो खुलेको छ । हेटौंडा उपमहानगरपालिका-११, स्थित शैक्षिक संस्था हेटौंडा एकेडेमीको निजी जग्गामा क्रिकेट मैदान निर्माण गरिएको हो । एकेडेमीका सञ्चालक उद्योगी व्यवसायी अरुणराज सुमार्गीले जग्गाबाहेक डेढ करोड रुपैयाँ खर्चिएर मैदान तयार गरेका हुन् । उनले जिल्लामा क्रिकेटको गतिविधि बढाउन क्रिकेट संघबाट आयोजना हुँदै आएको स्वर्गीय माधवराज सुमार्गी स्मृति क्रिकेट प्रतियोगिताको नाममा एकदशक अगाडिदेखि सहयोग गर्दै आइरहेका छन् । माधवराज सुमार्गी स्मृति कोषले एक दसकअघि हेटौंडा बजार क्षेत्रलाई भारी सवारी साधन बाइपास गर्न चौकीटोलको तिर्तिरेधारादेखि रातोमाटेसम्म बाइपास सडकको ट्र्याक खोल्ने काम गरेको थियो । कोषले त्यतिबेला १ करोड रुपैयाँ खर्च गरेर बाइपास ट्र्याक संचालनमा ल्याएको हो । राप्तीखोला, कर्रादोभान र कुखेनीको किनारबाट खोलिएको बाइपास ट्र्याकलाई ब्यवस्थित गर्ने कार्य प्रदेश सरकारले गरिरहेको छ । सुमार्गीले ५ वर्ष अगाडि नै हेटौंडा-११ को ३ विगाहा जग्गामा क्रिकेट मैदान बनाउन माटो फिलिङ गरेका थिए । ३ विगाहा क्रिकेट मैदानको लागि छुट्याइएको र क्रिकेट एकेडेमी स्थापनाका लागि १ विगाह जग्गा रहेको सुमार्गीले बताएका छन् ।

क्रिकेट मैदान रहेको जग्गा मात्रै चलनचल्तीको मूल्यअनुसार करिब २ करोड रुपैयाँ छ । क्रिकेट मैदानविहीन प्रदेश राजधानीलाई हेटौंडा एकेडेमीले मैदान तयार गरेर क्रिकेट खेलाडी उत्पादनमा सघाउ पुऱ्याएको भन्दै हेटौंडा उपमहानगरले पनि सकारात्मक मानेको छ । सुमार्गीले निर्माणाधीन क्रिकेट मैदानलाई रंगशालाको रुपमा विकास गर्ने लक्ष्य रहेको जनाएका छन् । एकेडेमी स्थापना गरेर क्रिकेट खेलाडी उत्पादन गर्नेसम्मको योजनामा सुमार्गी लागेका छन् । क्रिकेटमैदानमा जिल्लाका सबै खेलाडी तथा प्रतियोगिताका लागि खुला रहेको र आवश्यक सहयोग गर्ने सुमार्गीले बताएका छन् । क्रिकेट मैदानमा क्रिकेट संघ मकवानपुरले प्राविधिक सहयोग गरेको छ । मैदानको उपयोगिताबारे एकेडेमी र संघबीच छलफल भएको छ । सुमार्गीद्वारा निर्माणाधीन मैदान उपयुक्त रहेको बताइएको छ । मैदानका लागि पर्याप्त जग्गा रहेको, माटोलगायतका प्राविधिक दृष्टिकोणले उपयुक्त रहेको बताइएको छ । मैदानको स्तरीकरणसँगै ठूला प्रतियोगिता आयोजना गर्न संघलाई बाटो खुलेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० फागुन ५ गते शनिबार १७ फेब्रुअरी २०२४ । अष्टमी, माघ शुक्लपक्ष । सिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ६:४२, सूर्यास्त ५:५५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : पढाइमा रुचि बढ्नेछ | **तुला** | : नयाॅ मित्रसूग भेटघाट हुनेछ |
| **वृष** | : रिसलाई नियन्त्रण गर्नुपर्नेछ | **वृश्चिक** | : अधुरो काम बन्ने सम्भावना छ |
| **मिथुन** | : शुभ समाचार मिल्नेछ | **धनु** | : मित्रहरुबाट सहयोग हुनेछ |
| **कर्कट** | : भाग्योदयको योग छ | **मकर** | : आफन्तबाट विरोध हुनेछ |
| **सिंह** | : सहयोगी हातहरु बढ्नेछ | **कुम्भ** | : पेसाबाट घाटा देखिन्छ |
| **कन्या** | : धर्मकर्ममा मन जानेछ | **मीन** | : कामको उचित प्रतिफल पाइनेछ |

# 'यतै हल्लिने'हरू माथिको अपमान



✍ रामचन्द्र उप्रेती

नेपालमा व्यावसायिक वातावरण नभएका कारण उद्योग, व्यवसाय फस्टाउन र रोजगारीको सिर्जना हुन सकेन । सीपको विकास भएन, उत्पादन बढेन । अनि बजारमा नेपाली उत्पादनको अभाव भएपछि उपभोक्ताले विदेशी सामान खरिद र उपभोग गर्ने नै भए । उपभोक्ताको माग भएपछि बजारमा आयातकर्ता व्यवसायीले सामानको आपूर्ति गरिरहे । सरकार कुन वस्तुमा कति भन्सार लगाउने भनेर नीति बनाउँदै भन्सारबाट भएको आम्दानीमा मख्ख परेर बस्यो ।

सन् १९९० को दशकपछि नेपालीलाई भारत बाहेकका देशमा पनि रोजगारीका लागि जाने बाटो खुल्यो । नेपाली युवा विभिन्न कारणले विदेशिने क्रम बढ्यो । विदेश पुगेकाले कसरी पैसा पठाए त्यो खासै देखिएन र सुनाएनन् पनि तर पठाएको पैसा देखियो ।

त्यो पैसाले घरको गर्जो टारेको, घडेरी किनेको, ऋण तिरेको, घर ठड्याएको, मोटर साइकल गुडेको, विवाहमा खुलेर खर्च गरेको, छोराछोरी निजी बोर्डिङका लागि टाई लगाएर स्कुल बस चढेको, घरमा ठूलो टिभी र भान्सामा फ्रिज भित्रिएको, हात-हातमा स्मार्ट फोनको कमाल गाउँ र आफन्तले देखे, स्कुल कलेज पढ्दै गरेका किशोर-किशोरी र युवाले देखे । व्यवहार धान्न सकस महसुस गरिरहेका अभिभावकले देखे ।

विदेश गएकाले पैसा पठाए । यस्ता परिवारको गाउँ-शहरमा शान बढेको सबैले महसुस गरे । त्यसैले आफैं विदेश जाने, छोराछोरी ठूला भएपछि विदेश पठाउने, आफैं ठूलो भएपछि विदेश जाने, कमाउने र रमाउने सपना गाउँमा सबैले देख्न थाले ।

जब सबै युवाको सपना विदेश जाने बन्न थाल्यो, लगभग सबै अभिभावक आफ्ना सन्तानको भविष्य विदेशमा नै देख्न थाले । अनि देशमा बस्ने, व्यवसायको बारेमा सोच्ने, उद्यम गर्ने, व्यवसाय सिक्ने, तदनुरूपको शिक्षा र सिकाइको खोजी गर्ने कोही भएन । अनि चुनौती स्वीकार्ने, अवसर खोज्ने र देख्ने कुराको अन्त्य हुँदैगयो । देशमा नै केही गरिन्छ, गर्न सकिन्छ भन्ने सपना मर्दै गयो ।

शहरका गल्ली-गल्लीमा 'म्यानपावर कम्पनी' खुले । ठूलाठूला होर्डिङ बोर्ड जतातत राखेर विदेशका सपना बाँडिए । सामाजिक सञ्जाल, इलेक्ट्रोनिक मिडिया, पत्रपत्रिका जताततै विज्ञापनको बाढी आयो । गाउँ-गाउँमा यस्ता म्यानपावरका एजेन्टहरू खडा गरिए । त्यति मात्रै होइन, स्कुल, कलेजहरूमा नै विदेशको सपना बाँड्न थालियो । मानौं विदेश नजानेहरू, जान नसक्नेहरू, गाउँमै केही गर्नेलाई 'यतै हल्लिनेहरू' को उपमा दिन थालियो ।

जुन देशमा, जुन समाजमा, जुन परिवारमा अधिकांश युवा जे सोच्ने गर्छन् त्यो देश, त्यो समाज र त्यो परिवारको भविष्यको बाटो तिनै युवाको सोचमा आधारित भएर अगाडि बढ्ने गर्छ । जुन देश, समाज, परिवारका युवाले आफ्नै देशमा, आफ्नै ठाउँमा केही गर्न सकिन्छ भन्ने विश्वास गुमाउँछन्, कुनै सम्भावनाको खोजी नै गर्दैनन्, प्रयास नै गर्दैनन्, सम्भावना नै देख्दैनन् त्यो समाज, त्यो देशमा कसरी उद्यमशीलताको विकास हुन्छ ?

यसै पनि हाम्रो समाज, हाम्रो देश, हाम्रा परिवारमा उद्यमशीलता एवम् व्यवसायको आधार, इतिहास, सीप, शिक्षा, विश्वास निकै कमजोर छ । निर्वाहमुखी कृषि पेशा र प्रणालीले धानेको परिवार तथा समाजको नयाँ पुस्ताका लागि निर्वाहमुखी कृषिबाहेक जे गरे पनि नयाँ नै हो ।

यसरी समाजको नयाँपिंढी निर्वाहमुखी कृषिबाट तीव्र गतिमा विस्थापित भइरहेको छ र यो स्वाभाविक हो । आधुनिक विकासको नियम पनि हो । यस्तो नयाँ पुस्ताका लागि जुनसुकै काम नयाँ र चुनौतीले भरिएको नै हुन्छ ।

किनकि उसले पारिवारिक विरासतबाट नयाँ व्यवसाय र पेशाको अनुभव गर्न पाएको हुँदैन । सिकाउने, अनुभव सुनाउने, गाइड गर्ने परिवारका अभिभावक हुँदैनन् । उद्यम र व्यवसायका मर्महरूमा सिद्धान्तले भन्दा धेरै व्यवहारले बाटो देखाउने गर्छ ।

उद्यम एवम् व्यवसायमा सामेल हुनु भनेको एउटा जटिल प्रक्रियामा जोडिनु हो । यसमा लगानी, इमानदारी, विश्वसनीयता, धैर्य, सीप, सहनशीलता, विनम्र, तटस्थ, निरन्तरता, दूरदर्शिता, निरन्तर सिकाइ, नयाँ खोज-अनुसन्धान, आशा आदि कुराको आवश्यकता पर्दछ ।

यो प्रक्रिया पार गरेर सफलता पाउन, सफलतामा टिक्न र सफलतालाई उचाइतर्फ हिंडाउन खास चिन्तन, चेतना, आचरण, एकाग्रता, समर्पण आदि चाहिन्छ । यो जो-कोहीमा हुँदैन । त्यसैले धेरैले सजिलो बाटो रोज्ने गर्छन् । यो भनेको अरूले लगाएको, अह्राएको, देखाएको, गर भनेको काम गर्ने हो ।

यस्तो काम भनेको स्वदेशमा होस् वा विदेशमा जागिर खानु वा श्रम बेच्नु हो । जागिरमा लागेपछि, एक महिना काम गरेपछि त्यो कामको पैसा आउँछ । अरू कुरा काम लगाउनेले जान्ने हो । श्रम बेच्नेको पनि यस्तै हो । धेरै टाउको दुखाउनुपर्दैन । धेरै परे अलिअलि गाली खाने हो ।

जे भए पनि यो सजिलो र कम जोखिमको बाटो हो । त्यो पनि यस्तो काम गर्दा स्वदेशमा अरूले देख्ने, चियो गर्ने र विदेशमा भए कसैले नदेख्ने जे गरे पनि हुने । त्यसैले परिवार र स्वयम्को हकमा पनि विदेशको बाटो रोजाइको विषय बन्ने गर्छ ।

धेरैलाई लाग्न सक्छ यहाँ कामको कुनै अवसर नै छैन । व्यवसाय गर्न लगानी गर्ने पूँजी छैन, बैंकले पत्याउँदैन । व्यवसाय गर्ने वातावरण छैन, जताततै अवरोध र झन्झट मात्रै छ । उत्पादित वस्तुको बजार छैन, आदि ।

यसमध्ये केही कुरा मात्रै सत्य हुन् । व्यवसाय गर्न पूँजी सहजै जुटाउन सक्ने र पूँजीको आधार बलियो भएकाहरू पनि विदेश नै जान मरिहत्ते गर्छन् । पाँच, दश लाख होइन बीस, तीस लाख, चालीस, पचास लाख रुपैयाँ दलाललाई बुझाएर गैरकानुनी बाटोबाट विदेश जानेहरू पनि छन् ।

बैंकले ऋण दिन सबैभन्दा पहिला ऋणीको आचरण, काम गर्ने क्षमता, गरेको काममा सफल हुने सम्भावना, कामको अनुभव हेर्ने गर्छ । नयाँ व्यवसाय गर्न चाहनेहरूसँग अनुभव हुँदैन । यस्ता अनुभव नभएकाहरू सानो लाग्ने, थोरै पूँजीमा हुने, सिकेर व्यवसाय गर्ने जस्ता काम गर्न खासै रुचाउँदैनन् ।

तर, उनीहरू ऋण लिएर ठूलो काम गर्ने भन्छन् । अनुभव नभएकाहरू र खर्चिलो जीवनशैली भएकाहरू असफल हुने सम्भावना धेरै भएकाले बैंक, वित्तीय संस्था लगानी गर्न हच्किने गर्छन् । लगानी गरिहाल्दा पनि पर्याप्त धितो लिनु बैंक वा वित्तीय संस्थामा भएको सर्वसाधारणको निक्षेपको सुरक्षा गर्नु हो । ऋणीलाई पूर्ण जिम्मेवार बनाएर मात्रै लगानी गर्नु बैंक वा वित्तीय संस्थाको बाध्यता हो ।

उद्यम व्यवसाय गर्नेहरूले केही झन्झटिलो प्रक्रिया पार गर्नुपर्ने हुन्छ । यो नेपाली समाजको मानसिकता र सरकारको कमजोरी हो । व्यवसाय गर्न केही न केही प्रक्रिया पूरा गर्नुपर्छ यसलाई सामान्य रूपमा लिन सक्नुपर्छ । सरकारले पनि व्यवसाय गर्न चाहनेलाई सहजीकरण गर्नुपर्छ ।

तर व्यवसाय गर्न चाहनेले सामान्य प्रक्रिया पूरा गर्न झमेला मान्ने, सरकारी नीति र कर्मचारीको रवैया पनि सहयोग गर्नेभन्दा अल्झाउने र पैसा झार्ने देखिन्छ । यसलाई सुधार गर्नुपर्छ । सामाजिक मनोविज्ञान कस्तो बनेको छ भने अलि ठूलो उद्योग, उद्यम, व्यापार-व्यवसाय गर्नेहरू सर्वसाधारणलाई ठगेर, झुक्याएर, खोसेर धनी भएका हुन् । यस्ताले सधैं लुट मच्चाउँछन् । यस्ताहरू पैसा कमाउन मात्रै आएका हुन् । त्यसैले यस्तालाई सकेसम्म करकापमा पारेर, धम्क्याएर, अवरोध सिर्जना गरेर पैसा लिनुपर्छ ।

यस्ता उद्योग, उद्यमी र व्यवसायीले कस्तो र कति योगदान गरेका हुन्छन् भन्ने बारेमा खासै चर्चा कसैले गर्दैनन् । कति रोजगारी सिर्जना भयो, कति उत्पादन भयो, यो उद्योग नभएको भए यसले उत्पादन गर्ने समान विदेशबाटै आयात हुन्थ्यो होला, कति सीपको विकास भयो, राज्यलाई कति कर तिरेको होला । यस्ता कुराको कतै चर्चा हुँदैन ।

उद्योग गर्नु र उद्यमी बन्नु सम्मानको कुरा हो । यसले देश, समाज, परिवारलाई निरन्तर योगदान गरिरहेको हुन्छ भनेर उद्यम गर्नेलाई सम्मानित नजरले हेर्ने, सम्मान गर्ने, सहयोग गर्ने वातावरण बनाउन हामी सबै लाग्नुपर्छ ।

समाजमा उद्यम गर्नेभन्दा जागिर खाने मानिस ठूला हुन् भन्ने भाष्य वर्षौंदेखि निर्माण भएको छ । त्यसमा पनि सरकारी जागिरमा भएका मानिसको शान, मान, पहिचान उच्च छ । अझ उनीहरूको कमाइ पनि आकर्षक देखेकाहरू उद्यमी बन्ने सोच राख्नुभन्दा जागिरे बन्ने सोच नै राख्छन् ।

अनि सरकारी जागिर जुटाउन नसक्नेहरू अरूतिरका जागिर ताक्छन् । त्यो पनि जुरेन भने विदेशिनु नै निको मान्छन् । यसरी हाम्रो सामाजिक मान्यता नै जागिर खाने वा श्रम बेच्न विदेश जाने भन्ने बन्यो । पढ्न विदेश जानेको सोच पनि विदेशमा श्रम बेच्ने वा जागिर खाने नै हो ।

यसरी जब कसैको सोच स्वदेशमा उद्यमी बन्न मिहिनेत गर्ने, चुनौती स्वीकार्ने, गरेरै छाड्ने हुँदैन तब देशमा केही हुँदैन, वातावरण नै छैन भन्ने बाहेक यहाँ के हुन्छ र ?

उद्यम गर्ने उद्यमी, व्यवसाय गर्ने व्यवसायी लगायत कुनै पनि पेशा व्यवसायका लागि सधैं राम्रै मात्र हुन्छ भन्ने हुँदैन । आन्तरिक समस्या धेरै हदसम्म आफ्नै कारणले आउँछ । बाह्य कारण भनेको काबु बाहिरको परिस्थिति हो । जस्तै, २०७२ सालको महाभूकम्प, कोभिड-१९, आर्थिक मन्दी, आदित्यादि ।

बाह्य कारणले सिर्जना भएको दबाब थेग्न धेरै उद्यमी व्यवसायीलाई सकस परेको छ । यो बेला नयाँ-नयाँ उद्यमी व्यवसायी झन् संकटमा हुने नै भए । उद्यम व्यवसाय सुरु गर्ने सोच बनाएर बसेकाहरू अरूको अवस्था देखेर कुनै आँट गर्न सकिरहेका छैनन् ।

अहिले अवस्था प्रतिकूल छ तर सधैं प्रतिकूल नै हुन्छ भन्ने होइन । अनुकूल भएपछि काम गरौंला भनेर पर्खने र अहिले केही नगरी बस्नु पनि समय बर्बाद गर्नु हो । प्रतिकूलतालाई अनुकूलतामा परिणत गर्ने प्रयास गर्नुपर्छ ।

कुनै पनि सरकारका लागि आफ्नो राज्यमा धेरैभन्दा धेरै सफल उद्यमी एवम् व्यवसायी हुनु राज्यका लागि हितकर हुन्छ । रोजगारी वृद्धि हुन्छ, उत्पादन बढ्छ, कच्चा सामानको खपत हुन्छ, सीपको विकास हुन्छ, आयात घट्छ, निर्यात बढ्छ, करबाट राज्यको आम्दानी बढ्छ, उद्यमीले अर्को उद्यमी नै जन्माउँछ, आदि ।

त्यसैले राज्यले उद्यमी जन्माउन, उद्यमीको विकास गर्न, उद्यमीलाई आकर्षित गर्न, उद्यमीलाई सफल पार्न प्रयास गर्नुपर्छ । यस्तो सहयोग गर्न र उद्यमीका समस्या सुन्न सक्ने अवस्था तब आउँछ जब सरकारले उद्यमीको महत्व बुझ्ने गर्छ ।

जब सरकारले उद्यमीको महत्व बुझ्न सुरु गर्छ तब उद्यमीलाई आकर्षित गर्न सरकारले विभिन्न प्रकारका छुट र सहुलियत दिने गर्छ । उद्यमीलाई व्यवसाय गर्न झन्झट नहोस् भनेर प्रयास गरेको हुन्छ । उत्पादनमा अनुदान, सस्तो मूल्यमा बिजुली, सस्तो मूल्यमा घरजग्गा उपलब्ध गराउने, ब्याजमा अनुदान दिने, निश्चित अवधि करमा छुट दिने आदि आकर्षक प्याकेज घोषणा गरेका हुन्छन् ।

नेपालमा तीन तहको सरकार बनेको छ । सरकार चलाउन पुगेका जनप्रतिनिधिले उद्यम व्यवसायको महत्व र यसले आफ्नो क्षेत्रमा पुऱ्याउन सक्ने योगदानको बारेमा बुझ्न आवश्यक छ । नबुझ्दासम्म जनप्रतिनिधि र सरकार चलाउने मानिस पनि उद्यमी-व्यवसायीसँग चन्दा, कर असुली गर्ने । आफ्ना मानिसलाई जागिर खुवाउने ध्याउन्नमै हुन्छन् । यो चरित्र भनेको उद्यमी व्यवसायीले आफ्नो क्षेत्रमा पुऱ्याएको आर्थिक योगदानको बारेमा सचेत नभएर हो ।

हाम्रो हकमा तीनै तहका सरकारले अब पनि अर्थतन्त्रको अवस्था बुझ्न र उद्यमी व्यवसायीलाई आकर्षण, संरक्षण, सहयोग र सम्मान गर्न ढिला गर्नुहुँदैन । युवा पुस्तालाई उद्यमी बन्न प्रेरित गर्ने किसिमको वातावरण तयार गर्नुपर्छ ।

सम्मान, उत्प्रेरणा, संरक्षण र सहयोगले युवापुस्तालाई उद्यमी, व्यवसायी बन्न आकर्षण गर्नेछ । अहिले पनि विदेशबाट फर्किएका, विदेश नगएर यतै केही गर्ने र भविष्य बनाउन भनेर लागेका युवा छन् । उनीहरूलाई निराश हुनबाट जोगाउनुपर्छ । अनुकूल वातावरण निर्माणमा सबैको सहयोगको आवश्यकता छ ।

अहिले यस्ता युवालाई यहीं केही गर्न सकिन्छ भन्ने विश्वास दिलाउन सके एक दशकमा हामीले राम्रै अवस्था निर्माण गर्न सक्छौं । यहाँ व्यवसाय र उद्यम गर्ने वातावरण नै नभएको होइन बरु वातावरण बनाउन हामी नलागेका हौं । भएको सम्भावना नदेखेका हौं, व्यवसाय र उद्यमलाई टिकाउन चाहिने आँट र जोखिम लिने क्षमताको कमी हो ।

यस्तै उद्यमी व्यवसायी बन्ने चिन्तन र चरित्र निर्माणमा कमी भएको हो । अहिले प्रतिकूलता छ तर सबैले व्यवसाय र उद्यम छाडेर भागेका छैनन्, चुप लागेर बसेका छैनन् । आज प्रयास जारी राखेकाहरूले, आफूलाई टिकाइ राख्नेहरूले भविष्यमा अवश्य राम्रो गर्नेछन् । प्रतिकूलतामा टिक्नेहरूले नै अनुकूलतामा फड्को मार्ने छन् ।

*(साभार: अनलाइनखबर)*

# स्थानीय स्तरमा शिक्षा नीति पुनर्विचारको आवश्यकता



✍ निराजन खतिवडा

विद्यालयले जहिले पनि विद्यार्थीको सिकाइ उपलब्धिलाई केन्द्रमा राखेर पठनपाठनका क्रियाकलापहरू सञ्चालन गर्दै आएका हुन्छन् । यस क्रममा परिवार, समुदाय, समाज, राष्ट्र पनि जोडिएका हुन्छन् । जुन विभिन्न स्तरमा सरकारको नीति नियममा सम्बन्धन राखेका हुन्छन् । वर्तमान समयको परिप्रेक्ष्यमा नियाल्दा आजका बालबालिकाहरूलाई सिकाइका विभिन्न अवसरहरू प्रदान गरिएता पनि उनीहरूबाट सोचेअनुरूप उपलब्धि हासिल भएको देखिँदैन ।

उनीहरूका रुचि र चाहना भिन्न भइसकेका छन् । जुन हिजोका विद्यार्थीहरूसँग तुलना गर्न सम्भव देखिन्न । आजका परिवार, समुदाय र समाज निकै परिवर्तन भइसकेका छन्, जसका कारण बालबालिकाहरू दस वर्षअघिका भन्दा बेग्लै भइसकेका छन् । तसर्थ, अफसोच भनुँ या विडम्बना, सरकारको शिक्षा नीतिको उद्देश्य भने विद्यार्थीलाई र उनीहरूको सिकाइ सहजीकरणको वातावरणलाई स्पष्ट तरिकाले सम्बोधन नगरेको महसुस हुन्छ ।

काठमाडौं महानगरपालिकामा विविध भाषिक समुदायको बसोबास रहेको छ । मेरो आफ्नो अनुभवको आधारमा विगत ३ वर्षदेखि काठमाडौं महानगरपालिका शिक्षा विभागद्वारा स्थानीय पाठ्यक्रम अन्तर्गत नेपाल भाषाको पठनपाठन गर्नू गराउनू भन्ने निर्देशन गरिएको छ ।

यसबाट विद्यार्थीहरूको पढाइप्रतिको रुचिमा नै ठुलो असर देखिने गरी कक्षा १ देखि कक्षा ८ सम्म एकै शैक्षिक सत्रमा तहगत पाठ्यक्रम अनुरूप लागु गर्नुपर्ने अवस्था अनिवार्य गरिएको छ । समयअनुसारको नीतिहरूलाई सरोकारवाला, बुद्धिजीविहरूले नजिकबाट नहेरिदिँदा त्यसको प्रत्यक्ष असर विद्यार्थीको पढाइप्रतिको रुचिमा खस्कँदो अवस्था स्पष्ट देखिन थालेको छ ।

हाम्रो विद्यालयको अनुभवको आधारमा भन्नुपर्दा यदि काठमाडौं महानगरपालिकाले नेपाल भाषा विषयलाई निकै महत्वपूर्ण ठानेर योजना अगाडि बढाएको भए कक्षा १ बाट सुरु गरी क्रमश: आउँदो साल कक्षा २ हुँदै कक्षा ८ सम्म लान सकिन्थ्यो ।

वर्तमान समयमा कक्षा १ देखि कक्षा ८ सम्मलाई तह अनुसार पाठ्यपुस्तक छुट्टाछुट्टै भए पनि पाठ्यक्रम अनुसार उद्देश्य प्राप्तिहरू समायोजन गरिएका छन् । यद्यपि विद्यार्थीको पूर्व ज्ञान र पूर्व अनुभव नै नभएका विषयमा कक्षा १ देखि कक्षा ८ सम्मलाई पढाउने र सिकाउने विषयवस्तु हाम्रो विद्यालयको अनुभवको आधारमा एकै समान विषयवस्तुलाई प्रस्तुति दिन हाम्रा शिक्षकहरू बाध्य छन् ।

जसका कारण स्थानीय पाठ्यक्रमलाई सहज र सरल तरिकाले लागू गर्न विद्यालयलाई निकै कठिन भएको छ । सिकाइलाई अप्ठेरो र साँघुरो बनाइनु हुँदैन । यदि यसो भयो भने बालबालिकाहरूको सिकाइ रुचिकर हुँदैन ।

काठमाडौं महानगरपालिकाले समयमै हालको स्थानीय पाठ्यक्रमलाई संशोधन नगर्ने हो भने महानगरपालिका अन्तर्गतका विद्यार्थीहरू उपत्यकाका अन्य नगरपालिकाका विद्यालयमा भर्ना नहोलान् भन्न सकिन्न र यसले गर्दा विद्यालयमा विद्यार्थी संख्या घट्ने देखिन्छ ।

यसका साथै अन्तर्राष्ट्रिय विद्यालयका सन्दर्भमा जहाँ पाठ्यक्रम विकास केन्द्रका पाठ्यक्रम लागु गरिएको अवस्थामा र विदेशी विद्यार्थीहरूलाई अनिवार्य नेपाली विषयको सट्टामा अंग्रेजी विषय पढ्नुपर्ने विकल्प हुँदाहुँदै काठमाडौं महानगर पालिका तथा अन्य नगरपालिकाले स्थानीय पाठ्यक्रमको विकल्प प्रदान गर्न नसकेको देखिन्छ ।

काठमाडौं महानगरपालिका अन्तर्गतका विद्यालयमा भने यस विषयलाई बेवास्ता गरेको अनुभव रहेको छ । सिकाइ क्रियाकलापमा भाषा बाधक हुनुहुँदैन । अहिले विदेशी विद्यार्थीले पनि नेपाल भाषा सिक्नुपर्ने अवस्था देखिन्छ ।

हामीले कसरी विद्यार्थीलाई सिकाइमा समय सँगसँगै आकर्षित पार्न सफल हुन्छौं भन्ने चिन्ता हुनुपर्थ्यो तर विडम्बना, हाम्रा राजनीतिक दल तथा त्यस संस्थासँग आबद्ध सरोकारवालाहरूमा यस विषयमा चिन्तन नै नभएको देखिन्छ । हाम्रो उद्देश्य शिक्षाको स्तरलाई कसरी माथि लैजान सकिन्छ जसको फलस्वरूप अहिलेको परिवेशमा विद्यार्थीहरूलाई भविष्यमा सफल र अब्बल बनाउन सकिन्छ भन्ने नै हो ।

हाल शिक्षा विधेयक सरकारद्वारा विचाराधीन अवस्थामा रहेको हुँदा जे जस्तो परिवर्तन गर्न खोजे पनि बालबालिका र तिनका सिकाइ सिपलाई नै मध्यनजर गर्दै परिवर्तन गर्नुपर्ने आवश्यकता हामीले देखेका छौं जुन कुरा नीतिगत रूपमा स्पष्ट र अवलम्बन गर्न सक्ने हुनुपर्छ । शिक्षा नीति कुनै व्यक्ति, जात, धर्म, समुदाय, राजनैतिक दल र तिनका मुद्दा लक्षित नभई विशुद्ध शिक्षाको मूल्य, मान्यता र संस्कारमा आधारित रहेको हुनुपर्छ ।

यहाँ विद्यार्थीहरूले विद्यालय शिक्षा बिचमै छोड्ने प्रचलन व्याप्त छ । यस अवस्थामा विद्यार्थीमैत्री शिक्षा नीतिको आवश्यकता टड्कारो रूपमा रहेको देखिन्छ । काठमाडौं महानगर पालिका शिक्षा विभागद्वारा लिइने चालु शैक्षिक सत्र अन्तर्गत कक्षा ८ को आधारभूत शिक्षा परीक्षामा हाम्रा विद्यार्थी भाइबहिनीहरूलाई निकै सकस हुने देखिएको छ ।

विशेष गरी विदेशी कुटनैतिक नियोगमा कार्यरत कर्मचारीका बालबालिकाका सन्दर्भमा यसले थप जटिल अवस्था निम्त्याउने देखिन्छ । स्थानीय सरकारका तर्फबाट गरिने नियमनमा खटिएका कर्मचारीहरूलाई बारम्बार ध्यानाकर्षण गराउँदा पनि समस्याको सम्बोधन नगरिएको अवस्था रहेको छ । अन्त्यमा सरकारी स्तरबाट विद्यालयमा सिकाइ सहजीकरणका पक्षलाई जोड दिइने गरी वातावरण निर्माणमा सहयोगी भएर हातेमालो गर्नुपर्ने हुन्छ ।

एक्काइसौं शताब्दीको पुस्तालाई विद्यालय स्तरबाट दिनुपर्ने सिपमा जोड गरिनुपर्छ । शिक्षकलाई आफ्नो पेशागत दक्षताको दायरामा अझ मजबुत बनाउँदै लानुपर्छ । शिक्षालाई राजनीतिबाट टाढा राख्नुपर्ने आवश्यकतालाई बुझ्नुपर्छ । अनि मात्र नेपालमा हामीले कल्पना गरेजस्तो शिक्षाका न्यूनतम पूर्वाधारहरू खडा गर्न सफल रहन्छौं ।

*(साभार: बाह्रखरी)*

# माओवादीको केन्द्रीय समिति अब प्रत्यक्ष निर्वाचनबाट

काठमाडौं/नेकपा माओवादी केन्द्रले प्रत्यक्ष निर्वाचनबाट केन्द्रीय कमिटी चयन गर्ने भएको छ । तीन दिनसम्म काठमाडौंमा भएको विधान अधिवेशनले पहिलोपटक प्रत्यक्ष निर्वाचन प्रणाली अंगिकार गर्ने गरी विधान संशोधन पारित गरेको हो ।

अधिवेशन प्रतिनिधिका सुझाव सुनिसकेपछि बसेको माओवादी केन्द्रको पदाधिकारी बैठकमा भएको छलफलले तत्कालका लागि प्रत्यक्ष निर्वाचनबाट केन्द्रीय कमिटी चयन गर्ने निर्णयमा पुगेको अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले हलमा जानकारी गराए ।



'अब प्रत्यक्ष निर्वाचनबाट कमिटी र नेतृत्व चयनको बाटोमा जानुपर्छ । हिजो युद्धको जस्तो सबैको मूल्यांकन गरेर जाने सम्भावना छैन', प्रचण्डले हलमा भने, 'महाधिवेशनबाट कमिटी प्रत्यक्ष निर्वाचन प्रणालीमा जानेमा आम रूपमा विमति नहुने ठाउँमा पुगेका छौं ।'

उनले यो निर्णय पार्टी जीवनको महत्वपूर्ण मानक भएको भन्दै यसले पार्टीमा विद्यमान समस्या हल गर्ने बताए ।

'हामीले केन्द्रीयता भन्दा पनि सबै तहको जनवादबाट कमिटी निर्वाचित गर्ने महत्वपूर्ण निर्णय गरेका छौं । त्यो कमिटीले प्रत्यक्ष निर्वाचनबाट पदाधिकारी चयन गर्छ । यसले अहिलेको समस्या हल हुन्छ', अधिवेशन हलमा प्रतिनिधिको जवाफ दिने क्रममा प्रचण्डले भने, 'यसमा थप छलफल गर्न सकिन्छ । यो नै अन्तिम भन्ने होइन । हतारमा भन्दा अझै वैचारिक हिसाबले पनि सोच्नुपर्छ । यसले मूलभूत समस्या समाधान गर्छ भन्ने ठाउँमा हामी पुगेका छौं ।'

माओवादीले केन्द्रीय समिति निर्वाचनबाट चयन गरे पनि पदाधिकारी भने केन्द्रीय समिति भित्रबाट चयन गर्नेछ । अध्यक्ष प्रचण्डले पदाधिकारी पनि प्रत्यक्ष निर्वाचनबाटै चयन गर्नुपर्छ भन्ने बेला भइ नसकेको बताए । यसअघि उपाध्यक्ष पम्फा भुसाल नेतृत्वको विधान मस्यौदा कार्यदलले प्रस्ताव गरेको विधानमा निर्वाचन प्रणालीबारे स्पष्ट उल्लेख थिएन ।

कार्यदलका सदस्य समेत रहेका पार्टी उपमहासचिव जनार्दन शर्माले ९ बुँदे पूरक प्रस्ताव राख्दै प्रत्यक्ष निर्वाचनबाट सबै तहको नेतृत्व चयन गर्नुपर्ने प्रस्ताव राखेका थिए । अधिवेशन हलमा अध्यक्ष प्रचण्डले पनि शर्माको उक्त प्रस्तावलाई प्रवेश गराएका थिए ।

समूहगत छलफलका क्रममा अधिकांश प्रतिनिधिले कमिटीसँगै नेतृत्व पनि प्रत्यक्ष निर्वाचन प्रणालीबाट चुनिनुपर्ने सुझाव राखेका थिए । समूहगत छलफलबाट आएका सझावपछि बसेको पदाधिकारी बैठकले प्रत्यक्ष निर्वाचन प्रणाली स्वीकार गर्ने, तर पदाधिकारीलाई निर्वाचित कमिटीको चुनावबाट छान्ने निर्णय गरेको हो ।

अधिवेशनको बीचमा बसेको पदाधिकारी बैठकमा उपमहासचिव शर्मा र हरिबोल गजुरेलले मात्रै धारणा राखेका थिए ।

'शर्माले आफ्नो पूरक प्रस्ताव अनुरुप सबै तहको नेतृत्व प्रत्यक्ष निर्वाचन प्रणालीबाट चुनिनुपर्ने मत दोहोऱ्याउनुभयो । गजुरेलजीले त्यसमा फरक मत राख्दै निर्वाचित र मूल्यांकनसहितको मिश्रित प्रणालीबाट जानुपर्ने धारणा राख्नुभयो', बैठकमा सहभागी एक पदाधिकारीले भने, 'यी विषयमा थप छलफल गर्दै जाने, तर अहिले सिंगो हलले नै एकै प्रकारको धारणा राखेकाले प्रत्यक्ष निर्वाचन प्रणालीबाट केन्द्रीय समिति र त्यसले पदाधिकारी छनौट गरौं भन्ने निष्कर्षमा पुगिएको हो ।'

पदाधिकारी बैठकमा सहमति भएर आए पनि अध्यक्ष प्रण्चडले उक्त निर्णय सुनाउँदै गर्दा हलबाट 'पदाधिकारी पनि प्रत्यक्ष निर्वाचनबाटै आउनुपर्ने' भन्दै विरोध भएको थियो । प्रचण्डले आफूलाई 'सबै निर्णय राख्न दिन' अनुरोध गरेपछि हल शान्त भएको थियो ।

प्रचण्डले पदाधिकारी बैठकले सुझावहरू समेटेर गरेको निर्णय राखिसकेपछि केन्द्रीय सदस्य सरल सहयात्री र दलजित श्रीपाइलीले विरोध गरेका थिए ।

'यो भनेवापत मैले जे भोग्नु परे पनि परोस् । अहिले भनेजस्तै विधान पारित हुने हो भने जनवादको उपहास गर्न खोजिएको हो', बागमती प्रदेशका अध्यक्ष सहयात्रीले भनेका थिए, 'सिंगो हलले पदाधिकारीसहित सबै प्रत्यक्ष निर्वाचित हुनुपर्ने व्यवस्था गर्नुपर्ने माग राखेको छ । पदाधिकारी प्रत्यक्ष निर्वाचनबाट आउनुपर्ने व्यवस्था यही हलबाट पारित गरेर जानुपर्छ ।'

उनले हरेकपटक अर्को अधिवेशनले पारित गर्छ भन्दाभन्दै २५ वर्ष बितिसकेको भन्दै पदाधिकारीले पुरानै मोडल लागू गर्न खोजेको भए खुलेर भन्नुपर्ने, तर अल्झाउन नमिल्ने धारणा राखेका थिए ।

श्रीपाइलीले पनि त्यसमा थप्दै विधानमा दलितलाई विशेषाधिकार दिने विषय पनि उल्लेख गर्नुपर्ने धारणा राखे । हलबाट महाधिवेशन प्रतिनिधिको प्रत्यक्ष निर्वाचनबाट पदाधिकारी चयन गर्नुपर्ने आवाज उठेपछि प्रचण्डले आक्रोशित शैलीमा जवाफ दिएका थिए ।

'यो (विधान) आजै लागू हुने होइन, विशेष महाधिवेशनबाट हुने हो भनिसकेँ । अहिलेका लागि प्रत्यक्ष निर्वाचित केन्द्रीय कमिटी भन्नु नै ठूलो कदम हो । मैले नै प्रत्यक्ष निर्वाचन पद्धतिबाटै पार्टीलाई गति दिन सकिन्छ भनेको हो', प्रचण्डले जवाफ दिने क्रममा भने, 'म अध्यक्ष र प्रधानमन्त्रीको हैसियतमा छु । आफू बिदा हुनुभन्दा अगाडि कसरी साथीहरूलाई जिम्मा दिने भन्ने मैले पनि सोचेको हुँला नि त ! अहिले नै पदाधिकारी प्रत्यक्ष निर्वाचनबाट भनेर जाने हो भने ढोका खुलेपछि महाधिवेशनसम्म पार्टीभित्र के हुन्छ भनेर सोच्नुभएको छ ?'

प्रचण्डले आफूले विधान अधिवेशन पनि गर्दैन भन्ने हल्ला चलेकोबारे जानकार रहेको भन्दै खण्डन समेत गरे । पदाधिकारी पनि प्रत्यक्ष निर्वाचनबाट आउने व्यवस्था गर्नुपर्ने विषयमा आवाज चर्किएपछि प्रचण्डले 'कोही पनि नडराएको, तर पार्टीकै हितमा विस्तारै ढोका खोल्नका लागि यो निर्णय गरेको' भनेर झोक्किएका थिए ।

'पदाधिकारी प्रत्यक्ष हुँदा कोही डराउनेवाला छैन, म त झन् छुँदै छैन', प्रचण्डले हलमा भनेका थिए, 'म तपाईंहरूको अगाडि उभिएर भन्न सक्छु । गएको ३५ वर्षको इतिहास, जनयुद्धको १० वर्षको तयारी, योजना र नेतृत्व, शान्ति र संविधान, गणतन्त्र, अहिले फेरि अभियान, सरकारको नेतृत्व, सुशासन यी सबै अगाडि छन् ।'

बोल्दाबोल्दै शान्त भएका प्रचण्डले अगाडि भने, 'त्यसैले गर्दा म छोड्छु भन्दा पनि तपाईंहरूले दिनुहुन्न भन्ने मलाई डर छ । तपाईंहरूले आलोचना गर्दागर्दै पनि मलाई छोड्न दिइराख्नुभएको छैन ।'

अन्तिममा उनले प्रतिनिधिले हलमा बुझाएका सम्पूर्ण सुझाव सुरक्षित राखेको र कसले के सुझाव दिएको रहेछ भनेर हेर्ने बताए ।

**कमिटीका आकार घटाउने**

माओवादीले हाल कायम रहेको मस्यौदा कार्यदलले प्रस्ताव गरेको भन्दा फरक अंकको केन्द्रीय समितिको संख्या पारित गरेको छ । कार्यदलले मस्यौदामा केन्द्रीय कमिटीको आकार १५१ सदस्यीय बनाउनुपर्ने प्रस्ताव गरेको थियो ।

अधिवेशन हलमा पनि अधिकांशले कमिटीका आकार घटाएर चुस्त बनाउनुपर्ने सुझाव राखेका थिए । सोही अनुसार माओवादीले १९९ जनाको केन्द्रीय कमिटी बनाउने व्यवस्था विधानमा गरेको छ ।

'धेरै सानो बनाउने कुरा भएन, ठूलो त बनाउनै हुँदैन भनेर हामीले १९९ जनाको केन्द्रीय समिति बनाउन उचित हुन्छ भन्ने ठाउँमा पुगेका छौं', प्रचण्डले हलमा भने, 'त्यसो हुँदा १६५ वटा निर्वाचन क्षेत्रलाई पनि कभर गर्न सकिन्छ र अरू पनि हेर्न सकिन्छ भन्ने सोचिएको छ ।'

यस्तै माओवादीले केन्द्रीय समितिको एक तिहाइ संख्याको पोलिटब्यूरो र ११ जनाको कार्यालय समिति बनाउने भएको छ । पदाधिकारी र स्थायी समितिको काम सोही कार्यालयले नै गर्ने भएको छ ।

यस्तै अहिले भएको २२ जनाको पदाधिकारीलाई नै केन्द्रीय कार्यालय मान्ने निर्णय अधिवेशन हलमा प्रचण्डले सुनाए । यस्तै माओवादीले अब माथिल्लो कमिटीको अधिवेशन गरेर तल्लो कमिटीमा अधिवेशन गर्ने भएको छ । यसअघि तल्ला तहका कमिटीका अधिवेशन पहिले र माथिल्ला कमिटीका अधिवेशन पछाडि गर्दै आएको माओवादीले केन्द्रीय कमिटीको आकार घटाएसँगै यस्तो निर्णय गरेको हो ।

'विगतमा तलबाट अधिवेशन गर्दै आउँदा अप्ठेरो पर्दै आएको हो । तल भएका नेता माथि आउनको निम्ति थिग्रिदै जाने र असाध्यै ठूलो दबाब केन्द्रीय समिति र नेतृत्वलाई पर्ने गरेको थियो', प्रचण्डले हलमा भने, 'अब हामीले पहिले महाधिवेशन प्रतिनिधि चुनेपछि केन्द्रीय महाधिवेशनबाट केन्द्रीय समिति चुन्छौं । त्यसपछि हजारौं कार्यकर्ता प्रदेश, जिल्ला, पालिका र वडातिर फर्किने उपक्रम सुरु हुन्छ भन्ने लागेको छ ।'

**नाम र चुनाव चिह्न परिवर्तन नगर्ने**

अधिवेशनमा प्रतिनिधिबाट नाम र चुनाव चिह्न समेत परिवर्तन गर्नुपर्ने आवाज उठे पनि माओवादीले यसलाई तत्कालका लागि रोकेको छ ।

मस्यौदा विधानमा नाम र चुनाव चिह्नका बारेमा कुनै प्रस्ताव गरिएको थिएन । मस्यौदामा फरक मत राखेका उपमहासचिव शर्माले भने नाम पनि परिवर्तन गरेर नेकपा (समाजवादी) राख्नु पर्ने प्रस्ताव गरेका थिए ।

जवाफ दिने क्रममा अध्यक्ष प्रचण्डले विभिन्न समयमा नाम परिवर्तन गरेको उदाहरण दिएर यसमा संकुचित नभएको, तर जतिबेला पनि परिवर्तन गर्न नहुने निर्णय भएको बताएका थिए ।

'विगतमा कयौं नाम परिवर्तन गरेरै आएका हौं । चुनाव चिह्न पनि फेर्नै नसकिने होइन । तर फेर्न मिल्ने विषय हुन् भन्दैमा जति बेला मन लाग्यो त्यतिबेला, जसरी मन लाग्यो त्यसरी फेर्नु पनि उचित हुँदैन', जवाफमा प्रचण्डले भने, 'खास सन्दर्भ, मोड र परिस्थितिमा निर्णय लिनु बढी उचित हुन्छ ।'

उनले केन्द्रीय कार्यालयको बैठकले अरू कम्युनिष्टसँग एकताबारे छलफल गरिरहेको र यस विषयमा टुंगो लागेपछि यस विषयमा सोच्न सकिने बताए । 'नेकपा चाहिँ छोड्न सकिँदैन, तर नामकै कारण पार्टी एकता रोक्ने भन्ने हुँदैन', उनले भने ।

उनले नामसँग पार्टीको पहिचान र इतिहास जोडिएको भन्दै अधिवेशन हलबाटै नाम फेर्न नसकिने बताएका थिए । उनले चुनाव चिह्नबाट पनि पहिले जस्तो अप्ठेरो स्थिति नबनेको भन्दै यसलाई आवश्यकता अनुसार परिवर्तन गर्न सकिने बताए ।

'चुनाव चिह्न गोलाकार भित्रको हसिया हथौडा भन्दा गीत बनाउने साथीलाई पनि गाह्रो, नारा लाउने बेला पनि गाह्रो', उनले भने, 'यसले हामीलाई धेरै ठूलो क्षति भयो । एकपटक त हाम्रै चुनाव चिह्नका कारण अर्को पार्टीले ७ सिट जित्यो । अहिले जनताले पनि बुझे, पहिलो जस्तो खतरा छैन ।'

*(स्रोत: अनलाइनखबर)*

# दीपेन्द्र डेढ वर्षका लागि 'प्याक', लाइनअपमा ६ फिल्म

काठमाडौं/यस वर्ष फिल्म रिलिजमा कमी आएको छ । वर्षभरि ५० हाराहारी फिल्म पनि रिलिज हुने सम्भावना देखिएको छैन । तर, आगामी वर्ष यो संख्या बढ्ने देखिन्छ । किनकि, तिहारयता फिल्म निर्माण बढेको छ । अहिले डेढ दर्जन बढी फिल्म छायांकनको तयारीमा छन् भने त्यतिक्कै संख्यामा रिलिज कुरेर बसेका छन् । फिल्म निर्माण बढेपछि कलाकार र निर्देशकको व्यस्तता पनि बढेको छ ।

'पशुपति प्रसाद' निर्देशक दीपेन्द्र के. खनालको पाइपलाइनमा मात्र यतिबेला ६ वटा फिल्म छन् । अर्थात् अबको डेढ वर्षका लागि उनी 'प्याक' भैसकेका छन् । यही फागुन १२ गतेबाट उनले फिल्म 'मेयर'को छायांकन सुरु गर्दैछन् । सर्लाही जिल्लास्थित बागमती नगर पालिकाका विवादित मेयरको रुपमा कहलिएका भरत कुमार थापाको जीवन संघर्षमा केन्द्रित भएर यो फिल्म निर्माण हुँदैछ ।



'मेयर'पछि दीपेन्द्रले आगामी वर्षको तिहारमा रिलिज हुन लागेको फिल्म 'के घर के डेरा २'लाई समय दिनुपर्नेछ । यसको अघिल्लो श्रृंखलालाई पनि उनले नै निर्देशन गरेका थिए । यसपछि उनले फिल्म 'आमा २'को काम अगाडि बढाउने सक्नेछन् । यद्यपि, उनले यो फिल्म बनाउन हतार गरेका छैनन् । अघिल्लो श्रृंखलाले राम्रो तारिफ पाएकाले सिक्वेल निर्माणमा उनलाई ठूलो चुनौती देखिन्छ ।

दीपेन्द्रको लाइनअपमा 'पशुपति प्रसाद'को तेस्रो सिक्वेल पनि छ । सम्भवत: यो फिल्मको छायांकन उनले आगामी वर्षको दशैंपछि सुरु गर्न सक्नेछन् । 'पशुपति प्रसाद ३' भन्दा अगाडि उनले अभिनेता खगेन्द्र लामिछानेसँग मिलेर अर्को एउटा फिल्म बनाउँदैछन् । त्यस्तै, उनको 'पाइपलाइन'मा फिल्म 'चङ्गा चेट २' पनि छ । यसरी हेर्दा दीपेन्द्रले सिक्वेल फिल्ममा बढी जोड दिइरहेको देखिन्छ ।

निर्देशक खनालको व्यस्तता मात्र होइन, पारिश्रमिक पनि बढेको छ । अहिले उनले बाहिरी ब्यानरको फिल्म निर्देशन गरेबापत ३५ लाखसम्म पारिश्रमिक लिने गरेको चर्चा छ । र, उनीप्रतिको विश्वासमा निर्माताहरुले करोडौं लगानी गरिरहेका छन् । तर, दीपेन्द्रले 'पशुपति प्रसाद'पछि 'मास्टरपिस' फिल्म दिन सकेका छैनन् । यद्यपि, निर्देशकको नाममा नै फिल्म बिक्नेमध्येमा उनी पनि पर्छन् ।

# एक्सनले भरिएको 'अगस्त्य' ट्रेलरमा बदलाको कथा

काठमाडौं/सौरभ चौधरीको लेखन तथा निर्देशनमा बनेको फिल्म 'अगस्त्य'को ट्रेलर सार्वजनिक गरिएको छ । बिहीबार एक कार्यक्रमका बीच सार्वजनिक ३ मिनेटको ट्रेलर एक्सन दृश्यले भरिएको छ । ट्रेलरको एउटा पार्टमा अभिनेताद्वय सौगात मल्ल र नाजिर हुसेनबीचको मित्रता देखाइएको छ भने अर्को पार्टमा दुवैलाई एक्सन अवतारमा प्रस्तुत गरिएको छ । दुवैको एक्सन छरितो र बुलन्द देखिन्छ ।



ट्रेलरले फिल्म बदलाको कथामा आधारित रहेको प्रष्ट बुझाउँछ । मानसिक सन्तुलन गुमेको चरित्रमा सौगात सशक्त देखिएका छन् । अभिनेता प्रमोद अग्रहरीको चरित्रचित्रण पनि ट्रेलरमा प्रभावशाली छ । उनको 'भ्वाइस ओभर'ले नै ट्रेलर उठाएको छ । अभिनेत्री मलिका महत कम 'स्क्रिन स्पेश'मा पनि अर्थपूर्ण देखिन्छिन् । ट्रेलरको अन्तिममा भने अभिनेता निश्चल बस्नेतलाई उतारिएको छ ।

ट्रेलरको बलियो पक्ष भनेको ब्याकग्राउन्ड म्यूजिक हो । एक्सन कोरियोग्राफी पनि सशक्त छ । ट्रेलरले फिल्मप्रति दर्शकको अपेक्षा चुल्याउन सक्ने देखिन्छ । यही फागुन १८ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा विजय बराल, रवीन्द्र झा, बेन बस्नेत, शिशिर वाङ्देल, सिम्रन खड्का, प्रकाश दाहाल, गजेन्द्र त्रिपाठी आदिको पनि अभिनय रहेको छ । फिल्मले मधेशको कथा उठाएको छ ।

फिल्ममा प्रकाश मल्ल, अनिष तामाङ र बिनोद पौडेल निर्मातामा छन् भने कार्यकारी निर्माता विश्व गौचन र अभिषेक चौधरी हुन् । सञ्जय लामाको छायांकन रहेको फिल्ममा निमेष श्रेष्ठको सम्पादन, श्री श्रेष्ठको द्वन्द्व निर्देशन, कविराज गहतराजको कोरियोग्राफी, सौरभ शर्मा र भाष्कर स्वाँरको ब्याकग्राउन्ड म्यूजिक तथा एसडी योगीको संगीत छ । फिल्मलाई दुई श्रृंखलामा निर्माण गरिँदैछ ।

# कालिम्पोङ पुगेर 'दान्भी'मा एक्सन गर्दै पूजा



काठमाडौं/अभिनेत्री पूजा शर्मा पहिलोपटक एक्सन भूमिकामा प्रस्तुत हुन लागेको फिल्म 'दान्भी'को नेपालपछि भारतको कालिम्पोङमा तेस्रो चरणको छायांकन भैरहेको छ । फिल्मको पहिलो हाफको दृश्य छायांकनका लागि निर्माण टिम कालिम्पोङ पुगेको हो । निर्देशक रुपेश तामाङका अनुसार, अहिले एक्सन र रोमान्टिक सिनको छायांकन भैरहेको छ । फिल्मको छायांकन अझै एक हप्ता हुनेछ ।

फिल्मको छायांकनमा पूजासहित अभिनेता कुन्साङ बोमजोम सहभागी छन् । छायांकन सेटबाट प्राप्त एक तस्वीरमा पूजा 'किक' हानेको अवस्थामा देखिएकी छन् । कालिम्पोङमा छायांकन गर्न जानुअघि फिल्मको टिजर सार्वजनिक गरिएको थियो, जसमा पूजा दमदार शैलीको एक्सनमा प्रस्तुत भएकी थिइन् । पहिलोपटक एक्सन भूमिकामा काम गरेकाले उनमा डर र उत्साह दुवै देखिन्छ ।

फिल्ममा पूजा र कुन्साङका साथै 'पर्खि बसेँ तिमीलाई' बाट डेब्यू गरेका किरण श्रेष्ठको पनि अभिनय छ । देव मगर र अनुप गडाल निर्माता रहेको फिल्मका कार्यकारी निर्माता पवन राना मगर हुन् भने कमला मल्ल, पन्चबहादुर तामाङ, श्रवण कुमार श्रेष्ठ र जीवन तामाङ सह निर्माताको रुपमा छन् । फिल्मको सम्पूर्ण छायांकन सकिएपछि प्रदर्शन मिति घोषणा गर्ने योजनामा निर्माण टिम छ ।

श्री श्रेष्ठको द्वन्द्व निर्देशन रहेको फिल्ममा हरि बहादुर घलेको छायांकन, रविना थापा मगरको कथा, संजोग कुवँर रानाको पटकथा र संवाद लेखन, अर्जुन पोखरेल, नरेश जोशी र केदारराज नेपालको संगीत, कविराज गहतराज र बाहुल बराइलीको कोरियोग्राफी, बन्दे प्रसादको सम्पादन र मुख्य सहायक निर्देशकमा नवराज शर्मा छन् । पूजाको करिअरका लागि 'दान्भी' विशेष मानिएको छ ।

# एनआरएनएको जग्गा सरकारको हुने, किनेको रकम दावी गर्न पाउने

काठमाडौं/ललिता निवासको क्षेत्रभित्र जग्गा खरिद गरेको गैरआवासीय नेपाली संघ (एनआरएनए) को जग्गा सरकारीकरण हुने भएको छ ।

ललितानिवासको जग्गामा भ्रष्टाचार भएको ठहरसहित विशेष अदालतले त्यहाँको जग्गा सरकारको हुने फैसला गरेको हो । विशेष अदालतका सदस्यहरु खुशीप्रसाद थारु, रामबहादुर थापा र रितेन्द्र थापाको इजलासले गरेको फैसला अनुसार, प्रधानमन्त्री निवास विस्तारका क्रममा सरकारी जग्गा व्यक्तिको नाममा दर्ता भएकाले गैरआवासिय नेपाली संघको जग्गा पनि जफत हुनेछ ।

विशेष अदालतले एनआरएनएलगायत ११ जना जग्गाधनी व्यक्ति र कम्पनीको हकमा भनेको छ, 'जग्गाधनीको हैसियतमा जग्गा सट्टापट्टा गरी प्राप्त गरेका जग्गा समेत जफत हुने ठहर्छ । निजहरु उपरको अन्य आरोपदावी पुग्न नसक्ने ठहर्छ ।'

विशेष अदालतले नै फैसलामा जग्गा खरिद गर्नेहरुले आफूले जग्गा किन्दा खरिद गरेको मूल्य दावी गर्न पाउने व्याख्या गरेको छ । उसले फैसलामा 'व्यक्ति तथा संस्थाले खरिद गरेको थैली (रकम) देवानी दायित्व सरह दावी गरी असुलउपर गर्नसक्ने' भनेको छ ।

विशेष अदालतका प्रवक्ता धनबहादुर कार्कीले जग्गा किनेका तर फैसलाका कारण जफत हुने जग्गाधनीहरुले मालपोत कार्यालयमा अंकित गरेको रकम दावी गर्न पाउने बताए । 'अहिलेका जग्गाधनीले जोबाट जग्गा किनेको हो, त्यो रकम दावी गरी जिल्ला अदालतमा लेनदेन मुद्दा दायर गरी आफ्नो रकम फिर्ता लिने बाटो खुला छ', उनले भने, 'अघिल्लो जग्गाधनीले पनि त्यसैगरी किनेको रहेछ भने अघिल्लोसँग दावी गर्न पाउँछ । अन्तिममा भ्रष्टाचार गरेर जग्गा लिएकाहरुसम्म नै त्यो मागदावी पुग्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# भाटभटेनीका सञ्चालक मीनबहादुर गुरुङलाई २ वर्ष जेल सजाय, ८० लाख जरिवाना

काठमाडौं/ ललितानिवास जग्गा प्रकरणमा भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङलाई दुई वर्ष जेल सजाय ठहर भएको छ । विशेष अदालतका सदस्यहरु डा. खुसीप्रसाद थारु, रामबहादुर थापा र रितेन्द्र थापाको इजलासले बिहीबार गुरुङलाई दोषी ठहर गर्दै दुई वर्ष जेल सजाय र ८० लाख ४८ हजार रुपैयाँ जरिवाना गराउने आदेश सुनाएको हो । उनीसँगै विचौलिया रामप्रसाद सुवेदी र शोभाकान्त ढकाललाई पनि दुई वर्ष जेल र ८० लाख ४८ हजार रुपैयाँ जरिवना गराउने फैसला भएको छ । उनीहरु सरकारी जग्गा सट्टा भर्ना गर्ने कार्यको मतियार भएको र आफ्नो र परिवारको नाममा जग्गा पास गरेको अभियोग थियो । मोहीको सट्टा भट्टा प्रक्रियामा बदनीयतपूर्वक अपारदर्शी तवरले भूमिसुधार ऐन २०२१ तथा जग्गा प्राप्ति ऐन २०३४ का आज्ञात्मक प्रबन्धहरु छलेको देखिएको अदालतले फैसलामा उल्लेख गरेको छ ।

# ड्युटीमा खटिएकी महिला प्रहरीको गोली हानी हत्या



दाङ/दाङको घोराहीमा ड्युटीमा खटिएकी महिला प्रहरीको गोली हानी हत्या भएको छ । घोराही उपमहानगरपालिकाको दामोदर चोकमा ड्युटीमा खटिएकी महिला प्रहरी धनमाया गुरुङमाथि बिहीवार बेलुकी गोली प्रहार गरी हत्या भएको प्रमुख जिल्ला अधिकारी रामबन्धु सुवेदीले जानकारी दिए ।

उनलाई उपचारका लागि राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएकोमा चिकित्सकले मृत घोषणा गरेका थिए । धनमाया माथि उनकै श्रीमान सहायक हवल्दार यमबहादुर झाँक्रीले गोली हानेको लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख कुबेर कडायत बताए । तालिम केन्द्र नेपालगञ्जमा कार्यरत यमबहादुर विहीबार घोराही आएका थिए । उनले धनमायामाथि तीन राउण्ड गोली प्रहार गरेको बताइएको छ ।

श्रीमतीलाई गोली हानी भागेका यमबहादुरलाई लमहीको अर्जुन खोला नजिकबाट प्रहरीले नियन्त्रणमा लिएको प्रमुख जिल्ला अधिकारी सुवेदीले जानकारी दिए । 'घटना करिब साढे ७ बजेतिरको हो,' प्रमुख जिल्ला अधिकारी सुवेदीले संचारकर्मीसँग भने, 'श्रीमतीलाई गोली हानेर भागेका यमबहादुरलाई करिब साढे ८ बजेतिर प्रहरीले अर्जुन खोला नजिकबाट नियन्त्रणमा लियो ।'

हत्याको कारण खुल्न बाँकी भएको र अनुसन्धान जारी रहेको लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख कडायतले बताए ।

*(स्रोत: अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# नेविसंघ कृषि तथा वनविज्ञानको ईकाई अधिवेशन र पुस्तक बिमोचन



साझाकुरा संवाददाता

हेटौंडा, ३ फागुन/ नेपाल विद्यार्थी संघ कृषि तथा वनविज्ञान विश्वविद्यालय, वनविज्ञान संकाय, हेटौंडाको सातौं ईकाई समिति अधिवेशन, पुस्तक विमोचन तथा बृहत् सांस्कृतिक कार्यक्रम बिहीवार भएको छ ।

नेविसंघ वनविज्ञान संकाय हेटौंडाका छैठौं ईकाई समितिका सभापति संकल्प सेढाईको सभाध्यक्षता एवम् नेपाली कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यतामा ईकाई समितिको सातौं अधिबेशन तथा समितिले प्रकाशन गरेको 'वृन्दावन' नामक पुस्तक विमोचन गरिएको हो ।

अधिवेशनलाई सम्बोधन गर्दै प्रमुख अतिथि बानियाँले कांग्रेसको मेरुदण्डको रुपमा चिनिने नेपाल विद्यार्थी संघ नै देश हाक्ने सशक्त युवा उत्पादन गर्ने भएकाले अवका दिनमा युवापुस्ताले सुशासन, विकास निर्माण र भ्रष्टाचारमुक्त समाज निर्माणमा आफू लाग्दै र अग्रजहरूलाई खबरदारी गर्न समेत सुझाव दिए । सातौं अधिवेशनले अस्मित घिमिरेको सभापतित्वमा २१ सदस्यीय नेपाल विद्यार्थी संघ कृषि तथा वनविज्ञान विश्वविद्यालय, वनविज्ञान संकाय, हेटौंडाको ईकाई समिति निर्विरोध चयन गरेको छ ।

समितिको बरिष्ठ उपसभापतिद्वय सुदिप्ता सापकोटा र रोजित भण्डारी, उपसभापतिहरु सन्ध्या कंडेल, अरुणा प्याकुरेल, जीवन शर्मागैरे, विपिन श्रेष्ठ, सचिव दीपेन्द्रकुमार शाही, कोषाध्यक्ष ऋषिकेशकुमार बानियाँ, उपसचिव सुजल अधिकारी र सहकोषाध्यक्ष संगीता काफ्ले चयन भएका छन् । सदस्यहरुमा असिम डुम्रे, दीपा आचार्य, सुष्मा बोगटी, सुरक्षा पौडेल, ज्योति भट्ट, डेविड ठकुरी, पूजाकुमारी साहकानु, विवेक खत्री, हिमसागर दाहाल र भद्र विष्ट निर्विरोध चयन भएका हुन् ।

कार्यक्रममा नेपाली कांग्रेस मकवानपुरका प्रवक्ता अर्जुनप्रसाद चौलागाईं, कृषि तथा वनविज्ञान विश्वविद्यालय हेटौंडाका निवर्तमान डिन डा.बलराम भट्ट, नेपाल तरुण दलका केन्द्रीय सदस्य राजेश भेटवाल, नेविसंघका केन्द्रीय सदस्यहरु मिलन पुडासैनी, सुजन सापकोटा, दिनेश कुमार शाही, वनविज्ञान अध्ययन संस्थान फरेष्ट्रीका सभापति ऋषि रेग्मी लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# संसारीदेवीमाईको उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, ३ फागुन/ हेटौंडा उपमहानगरपालिका-६ चौघडा दिव्यनगरमा रहेको संसारी देवीमाई मन्दिरको समुद्घाटन गरिएको छ । बागमती प्रदेशसभा सदस्य इन्द्रबहादुर बानियाँले बिहीवार दिउँसो मन्दिरको समुद्घाटन गरेका हुन् ।

बागमती प्रदेश उद्योग, पर्यटन र सहकारी मन्त्रालयबाट १० लाख र मूर्तिको लागि हेटौंडा उपमहानगरपालिकाबाट २ लाख



रुपैयाँ सहयोगमा मन्दिर निर्माण गरिएको स्थानीय राजकुमार फुँयालले बताएका छन् ।

उद्घाटन कार्यक्रममा हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहाल, निवर्तमान वडाअध्यक्ष एवम् भूमि आयोगका विज्ञ सल्लाहकार अर्जुन चौलागाई, विभिन्न राजनीतिक दलका प्रतिनिधित्व एवम् स्थानीयको सहभागिता रहेको थियो ।

# द्रुतमार्गको सुरुङमार्गको निर्माण सन्तोषजनक

साझाकुरा संवाददाता

हेटौंडा, ३ फागुन/ नेपाली सेनाले निर्माण गरिरहेको काठमाडौं-तराई-मधेश द्रुतमार्गको काम सुस्त भएको भन्दै केही समयअघि संसदीय समितिमा बहस भएको थियो । द्रुतमार्ग अन्तर्गतको सुरुङ निर्माणको काम भने तीव्र गतिमा भइरहेको छ ।

७१ किलोमिटर लम्बाइको द्रुतमार्गमा महादेवटार, धेद्रे र लेनडाँडामा ६.७८ किलोमिटर लामो तीनवटा डवललेनको सुरुङमार्ग बन्दै छ । माघको तेस्रो सातासम्म ४.२६ किलोमिटर सुरुङ निर्माण भइसकेको छ ।

यो सुरुङमार्ग निर्माणमा ६६.५ प्रतिशत भौतिक प्रगति भएको हो । गत पुस ४ गतेसम्म ३.५९ किमि सुरुङ खनिएको थियो । पछिल्लो साढे एक महिनामा मात्रै थप ६७४ मिटर सुरुङ खनिएको सेनाबाट प्राप्त आयोजनासम्बन्धीमा प्रतिवेदनले देखाएको छ ।

प्रतिवेदनअनुसार ३३५५ मिटर लामो महादेवटार सुरुङमा ५५ प्रतिशत, १६३० मिटर लामो धेद्रे सुरुङमा ६६ प्रतिशत र १४३० मिटर लामो लेनडाँडामा ७५ प्रतिशत हाराहारीमा भौतिक प्रगति भएको बताइएको छ । यो आयोजनामा सुरुङमार्ग निर्माणलाई निकै चुनौतीको रुपमा हेरिएको छ ।

तर, त्यसको निर्माण द्रुतगतिमै भएको सेनाको प्रतिवेदनमा उल्लेख छ । ०७८ जेठदेखि तीनवटै सुरुङमार्ग खन्न सुरु गरिएको थियो । सेनाका अनुसार दुवैतर्फको विन्दुबाट सुरुङ खन्ने तथा फिनिसिङको काम पनि अघि बढिरहेको छ । सेनाका प्रवक्ता कृष्णप्रसाद भण्डारीले निर्माण कम्पनीले सुरुङ बनाएर अन्य काम गर्ने योजना बनाउँदा धेरै काम भएको बताए ।

# एनआरटी बागमती गोल्डकपको सेमिफाइनलमा

साझाकुरा संवाददाता

हेटौंडा, ३ फागुन/ न्युरोड टिम (एनआरटी) मकवानपुरको पूर्वीक्षेत्रस्थित बागमती गाउँपालिकामा जारी छैठौं संस्करणको बागमती गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ ।

जनता माविको खेलमैदानमा भएको पहिलो क्वाटर फाइनल खेलमा एनआरटीले नवजनजागृति युवा क्लब सिमरालाई १-० गोलले पराजित गरेको हो । एनआरटीको जितमा मोहित गुरुङले निर्णायक गोल गरे ।

पहिलो हाफको ३१ औं मिनेटमा गुरुङले फ्रिकिक बललाई जाली चुमाएका थिए । खेलको म्यान अफ द म्याच गुरुङ नै भए । उनले १० हजार रुपैयाँ पाएका छन् ।

बागमती गोल्डकपमा एनआरटी पहिलोपटक सहभागी भएको हो ।

एनआरटीले फाइनल प्रवेशका लागि जावलाखेल युथ क्लब र मछिन्द्र फुटबल क्लबबीचको विजेतासँग प्रतिस्पर्धा गर्नेछ । प्रतियोगिता अन्तर्गत दोस्रो क्वाटरफाइनल खेलमा शुक्रबार विभागीय टोली सशस्त्र प्रहरी बलको एपीएफ क्लब र चर्च ब्वाइज युनाइटेडसँग प्रतिस्पर्धा हुनेछ । गोल्डकप विजेता टोलीले १० लाख, उपविजेताले ५ लाख रुपैयाँ प्राप्त गर्नेछन् ।

सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ र अन्य विधागत उत्कृष्ट खेलाडीले जनही २५ हजार रुपैयाँ पाउने छन् ।

# विद्युत चुहावट रोक्दै पालुङ वितरणकेन्द्र




साझाकुरा संवाददाता

हेटौंडा, ३ फागुन/ उत्तरी मकवानपुरमा रहेको नेपाल विद्युत प्राधिकरण पालुङ वितरण केन्द्रले विद्युत चुहावट नियन्त्रण गर्ने अभियान थालेको छ ।

प्राधिकरणकेन्द्रले विद्युत चुहावट नियन्त्रण अभियान सुरु गरेसँगै हुकिङ् र मिटर बाइपास गरी विद्युत् चुहावट गर्ने ग्राहक तथा उपभोक्ताको पहिचान गरी जरिवाना र कारवाही थालेको हो । पालुङ वितरणकेन्द्रले मिटरको छड्के निरीक्षण सुरु गरेसँगै विद्युत् चुहावट फेला परेको हो । वितरणकेन्द्रले माघ महिनामा सञ्चालन गरेको अभियानका क्रममा ८ जना ग्राहकले विद्युत् चुहावट गरेको फेला परेको छ ।

ग्राहकबाट चुहावटका कारण क्षतिपूर्ति वापत एक लाख ४३ हजार रुपैयाँ जरिवाना असुल गरिएको पालुङ वितरण केन्द्रप्रमुख माधव न्यौपानेले जानकारी दिए । विद्युत् चुहावट नियन्त्रण अभियानका क्रममा बढी विद्युत् खपत गर्ने ग्राहक तथा उपभोक्ताको छड्के र रिसिलिङ् गरिएको उनले बताए ।

पालुङ वितरणकेन्द्रले चालु आर्थिक वर्षको माघसम्म विद्युत् महसुल नबुझाउने चार सय ५४ ग्राहकको लाइन काटेको प्रमुख न्यौपानेले जानकारी दिए । लाइन काटिएका ग्राहकको ८० लाख ४४ हजार बक्यौता रहेको र जसमध्ये ३ सय ७१ ग्राहकले बक्यौता बुझाई विद्युत् जडान गरिसकेका छन् । लाइन काटिएका ग्राहकबाट ७८ लाख ७७ हजार असुल भएको प्रमुख न्यौपानेले बताए ।

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

**अब निराश नहुनुहोस्...**

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
**हेटौंडा-५, पिप्ले, मकवानपुर**
सम्पर्क: ९८४५१७०९४१५, ९८१७८२८४६१४, ९८४५६२३५६९




**हेटौंडामै उत्पादित**

**सुदिन ड्राइमिट**






**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
**हेटौंडा-४, मकवानपुर**
**९८४५२६२५२२, ९८५५०७२६२३**